**कोभिड-१९ सङ्क्रमणको जोखिमरहित वातावरणमा भौतिक कक्षा सञ्चालन कार्यविधि, २०७८**

**(१) प्रस्तावना**

कोभिड-१९ सङ्क्रमण जोखिम नियन्त्रणका लागि स्मार्ट लकडाउन सम्बन्धी कार्यविधि २०७८ तथा कोभिड महामारीको अवस्थमा हुन सक्ने निषेधाज्ञाको प्रकृति अनुरुप शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयसँग सम्बन्धित क्रियाकलापहरुको कार्यान्वयन सम्बन्धी कार्ययोजना जारी भएको सन्दर्भमा उक्त कार्यविधिको परिपालना गर्दै स्थानीय तहको समन्वयमा सामुदायिक तथा संस्थागत विद्यालयहरुमा भौतिक कक्षा सन्चालन गर्ने अभिप्रायले "**कोभिड-१९ सङ्क्रमणको जोखिमरहित वातावरणमा भौतिक कक्षा सञ्चालन कार्यविधि, २०७८**" जारी गरिएको छ।

**(२) कार्यविधिको नाम**: यस कार्यविधिको नाम "**कोभिड-१९ सङ्क्रमणको जोखिमरहित वातावरणमा भौतिक कक्षा सञ्चालन कार्यविधि, २०७८**" रहनेछ।

(३) **लागू हुने मिति:** यो कार्यविधि कार्यपालिकाबाट अनुमोदन भएपश्चात् विद्यालयहरु भौतिक रुपमा विद्यालय सञ्चालन भएको दिन देखि लागू हुनेछ।

**(४) परिभाषा:** यस कार्यढाँचामा उल्लेख भएका मुख्य शब्दहरुको परिभाषा विद्यालय शिक्षासम्बन्धित प्रचलित ऐन, नियमावली, निर्देशिका, कार्यविधि तथा कार्यढाँचा बमोजिम हुनेछ।

**(५) सङ्क्रमण जोखिमरहित वातावरणको प्रबन्ध:** (१) देहायबमोजिम विद्यालयमा सङ्क्रमण जोखिमरहित वातावरणको प्रबन्ध मिलाउनु पर्नेछ:

(क) स्कुल बसका चालक र सह-चालकहरुले मास्क, पन्जा र फेस-शिल्डको प्रयोग गर्ने।

(ख) बसमा विद्यार्थी चढाउँदा र झार्दा हरेक पटक सह–चालकले हातमा सेनीटाइजर लगाउने।

(ग) बसमा विद्यार्थी सिट क्षमता बराबर मात्र राख्ने।

(घ) स्कुल बसलाई हरेक दिन सेनिटाइज गर्ने।

(ङ) कार्पेट वा डेस्कबेन्चमा विद्यार्थीलाई भौतिक दुरीको मापदण्ड अनुसार राख्ने।

(च) अर्काको कुनै पनि सामग्री छुन नदिने।

(छ) बिहान र बेलुकाको प्रार्थनामा सभा नगर्ने।

(ज) विद्यालयभित्र रहेका देहायका स्थानहरु दैनिक रुपमा सेनिटाइज गर्ने:

(अ) विद्यालय भवनको भित्र र बाहिरका भागहरु जस्तै कक्षाकोठा, भरयाङ, रेलिङ र भित्ता

(आ) शौचालयको भित्र र बाहिरका सम्पूर्ण भाग र खानेपानीको क्षेत्र

(इ) विद्यालयमा प्रयोग हुने सम्पूर्ण सवारी साधनहरु

(ई) कम्प्युटर ल्याब, विज्ञान प्रयोगशाला, पुस्तकालयका सबै भागहरु

(उ) विद्यालयको गेटदेखि विद्यालयभित्र हिड्ने बाटो, गेट, साइकल लगायत सवारीसाधन राख्ने स्थल

(ऊ) विद्यालयको प्रशासनिक भवनभित्रका सोफा, कुर्सी, टूल आदिजस्ता फर्निचरहरु र अन्य बस्ने स्थानहरु

(झ) विद्यार्थीहरुलाई विद्यालय हाताभित्र प्रवेश गर्नुअघि मास्क प्रयोग गर्न लगाउने । आवश्यकतानुसर पन्जाको प्रयोग गराउने ।

(ञ) विद्यालय हाता प्रवेशको पहिलो गेटमा साबुनपानीले हात धुने र ज्वरोको तापक्रम नाप्ने व्यवस्था मिलाउने ।

(ट) विद्यार्थीलाई लाइनमा राखी कक्षामा प्रवेश गराउने ।

(२) सभा समारोह, उत्सव, खेलकुद, शारीरिक अभ्यास आदि जस्ता समूहमा गरिने अतिरिक्त क्रियाकलापहरु, पुस्तकालय र विज्ञान प्रयोगशाला र समूहमा रही गरिने प्रयोगात्मक परीक्षाहरु भौतिक उपस्थितिमा सञ्चालन नगर्ने ।

**(६) शौचालयमा सरसफाइ प्रबन्ध गर्ने:** (क) शौचालय प्रयोग गरिसकेपछि प्रत्येकपटक तुरुन्तै सेनिटाइज गर्ने । (ख) शिक्षकले एक पटकमा एक जना छात्र र एक जना छात्रालाई मात्र शौचालय पठाउने । (ग) शौचालयको बाहिर हात धुने पानीको लागि कन्ट्याक्टलेस टुटी र साबुनको व्यवस्था गर्ने । (घ) शौचालयको उचित प्रयोग भए नभएको, पानीको प्रयोग गरिएको नगरिएको, साबुनपानीले हात धोएको नधोएको, शौचालयमा भौतिक दूरी कायम भएको नभएको निगरानी गर्ने कर्मचारीको व्यवस्था गर्ने ।

**(७) रोकथाम र स्वाथ्योपचारको व्यवस्था मिलाउने**: (१) विद्यालयमा आउने शिक्षक, विद्यार्थी, कर्मचारी र अभिभावकको शरीरको तापक्रम मापदण्डभन्दा बढी देखिएमा विद्यालय हातामा प्रवेश गर्न नदिने । (२) विद्यालयमा स्वास्थ्य सम्बन्धी आधारभूत औषधी र सामग्री सहितको प्राथमिक उपचार कक्ष र बेड सहितको आइसोलेसन कक्षको व्यवस्था गर्ने । (३) कोभिड–१९ को सम्भावित लक्षण देखिएका विद्यार्थी र विद्यालयका शिक्षक र कर्मचारीलाई आइसोलेसन कक्षमा राख्ने र विद्यालयले तोकेको स्वास्थ्य सुरक्षा सम्पर्क व्यक्तिबाट आवश्यक चेकजाँच गराई प्राथमिक उपचारको व्यवस्था मिलाउने । सम्बन्धित अभिभावकलाई विद्यालयमा बोलाई स्वास्थ्यकर्मीको सल्लाह बमोजिम घरमा वा स्थानीय तहले तोकेको कोरोना विशेष अस्पतालमा अभिभावकका साथमा पठाउने । (४) समय समयमा प्रत्येक शिक्षक, कर्मचारी तथा विद्यार्थीलाई विज्ञद्वारा कोभिड र स्वास्थ्य सुरक्षा सम्बन्धी चेतनामूलक कार्यक्रम सञ्चालन गराउने । (५) विद्यालयमा आउने शिक्षक र कर्मचारी, विद्यार्थी तथा अन्य आगन्तुकहरुलाई तोकिएको मापदण्डको आधारमा भौतिक दुरी कायम गराउने ।

**(८) मध्यान्तरको समयलाई देहायबमोजिम व्यवस्था गर्ने**: (क) एक सिफ्टमा ३ घण्टाभन्दा बढी कक्षा सञ्चालन हुने भएमा मध्यान्तर समयको व्यवस्था गर्ने । मध्यान्तरको समय ३० मिनेटभन्दा बढी नतोक्ने । मध्यान्तरको समयमा विद्यार्थीलाई विद्यालय हाताभन्दा बाहिर जान रोक्ने । (ख) मध्यान्तरको समयमा विद्यार्थी हुने स्थान जस्तै खेलमैदान, शौचालय, कक्षाकोठा आदिमा विद्यार्थी सङ्ख्याको आधारमा विद्यार्थीको क्रियाकलाप निगरानी गर्न शिक्षक र विद्यालय कर्मचारीलाई खटाउने । (ग) खाजा/नास्ताको व्यवस्थाका लागि विद्यालय सञ्चालन सम्बन्धी कार्यढाँचा, २०७७ को ४.१ को (ट) मा उल्लेख भए बमोजिमको प्रबन्ध मिलाउने ।

**(९) विद्यालय छुट्टी भएपछि स्वास्थ्य सुरक्षा प्रबन्ध मिलाउने**: विद्यालय छुट्टी भएपछि विद्यार्थीलाई घरमा पठाउँदा देहाय बमोजिमको व्यवस्था गर्ने: (क) विद्यालय छुट्टी भएको जनाउ घन्टी लागिसकेपछि अन्तिम पिरियडमा जुन शिक्षक जुन कक्षामा छन्, सबै विद्यार्थी बाहिर ननिस्केसम्म सोही कक्षामा नै रहने र भौतिक दूरी कायम गरी पालैपालो विद्यार्थीहरुलाई बाहिर जान लगाउने । (ख) बसमा जाने विद्यार्थीलाई सेनिटाइजर लगाउन लगाई पालैपालो भौतिक दूरी कायम हुनेगरी बसमा चढाउने । (घ) बसमा जाने विद्यार्थी गईसकेपछि सोहि अनुसार नै साइकलमा जाने विद्यार्थी र अन्तिममा हिडेर जानेर विद्यार्थीलाई क्रमश: बाहिर निकाल्ने । (ङ) सम्पूर्ण विद्यार्थी गइसकेपछि विद्यालयको निगरानीमा कक्षाकोठाहरु सेनिटाइज गर्न लगाउने ।

**(१०) सिफ्टमा कक्षा सञ्चालन गर्ने:** (१) विद्यार्थी र कक्षाकोठा सङ्ख्याका आधारमा दैनिक एक वा दुई सिफ्टमा कक्षाहरु सञ्चालन गर्ने । (२) प्रत्येक सिफ्ट सञ्चालन हुनुभन्दा अगाडि र पछाडि सम्पूर्ण विद्यालय क्षेत्रभित्र सेनिटाइज गर्ने । (३) सिफ्ट सञ्चालनको समय र कार्य तालिका विद्यालय आफैँले तोक्न सक्नेछ ।

**(११) भौतिक उपस्थितिको कक्षामा स्वास्थ्य सुरक्षाको प्रबन्ध मिलाउने:** (१) विद्यालयमा कक्षा सञ्चालन भएको समयमा देहाय बमोजिमको व्यवस्था मिलाउने: (क) मास्क नलगाई विद्यालय आएका विद्यार्थीलाई मास्क उपलब्ध गराउने । (ख) शिक्षकले मास्क लगाएर मात्र शिक्षण गर्ने र विद्यार्थीले मास्क लगाएर मात्र कक्षामा बस्ने । (ग) विद्यार्थीको बसाइ व्यवस्थापनमा पर्याप्त सामाजिक दूरी कायम गराउन सहयोग गर्ने । (घ) कक्षाकोठा भित्रको व्यवस्थापन जस्तै: विद्यार्थीहरु तोकिएको डेस्क बेञ्चमा बसे, नबसेको, कक्षाकोठाको झ्याल ढोकाहरु खुला रहे, नरहेको, हावा तथा प्रकाश उपयुक्त भए, नभएको हेरी समुचित व्यवस्थापन गर्ने । (ङ) शिक्षण अवधिभर कोभिड-१९ सँग सम्बन्धित लक्षण विद्यालयमा कसैलाई देखा परेमा तुरुन्तै विद्यालय प्रशासनमा जानकारी गराउने र विद्यालयले आइसोलेसन तथा घर वा अस्पताल लैजाने प्रबन्ध मिलाउने । (च) विद्यालयको प्रत्येक कक्षामा पर्याप्त मात्रामा मास्क र सेनीटाइजरको अनिवार्य व्यवस्था गर्ने ।

**(१२) विद्यार्थीहरुको आचार संहिता तयार गरी पालना गर्ने, गराउने:** (१) विद्यालयले देहाय बमोजिमको आचार संहिता तयार गरी सबैले देख्ने स्थानमा पढन सकिने गरी प्रदर्शन गर्ने र कार्यान्वयन गर्ने गराउने: (क) विद्यार्थीहरुले विद्यालय आउँदा अनिवार्य रुपमा मास्क लगाउने । (ख) विद्यालय हातामा प्रवेश गर्नुअघि साबुन पानीले हात धुने । (ग) विद्यालय हाताको गेटमा अनिवार्य रुपमा ज्वरो नाप्ने । (घ) विद्यार्थीहरुले विद्यालय आउँदा र घर फर्कदा बाटोमा पर्याप्त सामाजिक दूरी कायम गर्ने । (ङ) ज्वरो आएको, रुघा खोकी लागेको विद्यार्थीले विद्यालयको शिक्षकलाई जानकारी गराई घरमै आइसोलेसनमा बस्ने र अनलाइन अफलाइन कक्षामा सहभागी हुने । (च) कक्षामा रहेको समयमा हतार नगरी पटक पटक साबुन पानीले हात धुने । (छ) कक्षाकोठा भित्रको बसाइमा करिब एक मिटरको दूरी कायम गर्ने । (ज) विद्यार्थीहरुले कक्षाकोठा वा बन्द कोठाभित्र समूहमा बसेर खाजा नखाने । (ज) कक्षाकोठामा बस्दा सम्पूर्ण झ्याल ढोकाहरु खुला राख्ने । (झ) साथीहरु बिच व्यक्तिगत सामान र खानेकुराहरु साटासाट नगर्ने । (ञ) शौचालय जाँदा आउँदा सामाजिक दूरी कायम गर्ने र शौचालयबाट फर्केपछि साबुनपानीले अनिवार्य रुपमा राम्रोसँग हात धुने । (ट) अनावश्यक रुपमा रेलिङ, झ्याल ढोकाको चुक्कुलहरु, पानी आउने धारा, च्यानल गेटहरु नछुने । (ठ) विद्यालयभित्रै कुनै समस्या भएमा विद्यालयको सम्पर्क शिक्षक वा व्यक्तिलाई तुरुन्त जानकारी गराउने । (ड) विद्यार्थीहरुले आफ्नो लागि तातो पानी घरैबाट लिएर आउने र समय समयमा पिउने । बाहिरको चिसो र खुला ठाउँको पानी नपिउने । (ढ) विद्यालयको बस नभएको अवस्थामा सम्भव भएसम्म अभिभावकसँग मात्र विद्यालय आउने । (ण) छुट्टी भएपछि विद्यालयबाट सरासर घर जाने र घरमा प्रवेश गर्नुअघि साबुन पानीले हात धुने ।

**(१३) वैकल्पिक माध्यमबाट पठनपाठन जारी राख्ने:** (१) भौतिक कक्षा सञ्चालन भएको समयमा विद्यालय आउन नसकेका विद्यार्थीहरुका लागि वैकल्पिक माध्यमबाट पठनपाठन गर्ने गराउने व्यवस्था मिलाउने । (२) भौतिक उपस्थितिमा कक्षा सञ्चालन भएको समयमा विद्यालयले विगतमा सञ्चालन गरेका अनलाइन अफलाइन कक्षाका पाठहरुलाई जोडेर शिक्षण गर्ने ।

**(१४) मासिक पढाइ शुल्क लिन सक्ने :** (१) संस्थागत विद्यालय शुल्क मापदण्ड निर्देशिका, २०७२ बुँदा नं. ६ को विपरित नहुने गरी भौतिक रुपमा कक्षा सञ्चालन भएको महिनादेखि विद्यार्थीहरुबाट मासिक शुल्क लिन सकिने छ । तर नगर शिक्षा समितिले पछिल्लो मितिमा निर्णय गरेको शुल्क संरचनाभन्दा बढी शुल्क लिन पाइनेछैन । (२) वैकल्पिक विधिबाट कक्षा सञ्चालन गरेका विद्यालयहरुले कक्षा सञ्चालन गरेको महिनादेखि नै शुल्क लिन सक्नेछन् । तर सम्बन्धित निकायबाट माग भएको बखतमा वैकल्पिक विधिबाट पठनपाठन सञ्चालन गरेको प्रमाणित विवरण विद्यालयले पेस गर्नुपर्नेछ ।

**(१५) शिक्षक र कर्मचारीलाई पूरा तलब सुविधा दिनुपर्ने :** (१) विद्यालयको विनियमावली बमोजिम शिक्षक, कर्मचारीहरुलाई विद्यालयले पूरा पारिश्रमिक दिनुपर्ने छ ।

**(१६) पूर्वतयारी गरेको सुनिश्चित गर्नुपर्ने:** (१) भौतिक उपस्थितिमा कक्षा सञ्चालन गर्ने विद्यालयहरुले देहाय बमोजिमको व्यवस्था मिलाएको सुनिश्चित गर्नुपर्नेछ: (क) विद्यालय सञ्चालन गर्नुपूर्व विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघसँग छलफल गरी विद्यालय सञ्चालन गर्न शिक्षा शाखाबाट स्विकृत गराउनु पर्ने । (ख) विद्यालयमा कार्यरत सम्पूर्ण शिक्षक तथा कर्मचारीहरुले खोप लगाएको हुनु पर्ने । (ग) विद्यालयहरुले विद्यार्थी घरबाट विद्यालय आउँदा, विद्यालयभित्र रहँदा र विद्यालयबाट घर फर्कँदा पालना गर्नूपर्ने आचारसंहिता निर्माण गरी विद्यालय व्यवस्थापन समितिमा छलफल गरी कार्यान्वयन गर्नुपर्ने । (घ) विद्यालयको भौतिक पूर्वाधार र विद्यार्थी सङ्ख्याको आधारमा भौतिक दुरी कायम हुने गरी विद्यार्थीहरुको बसाई व्यस्थापन गर्ने गरी विद्यालयहरु आंशिक रुपमा तथा सिफ्टमा सञ्चालन गर्न सकिने प्रबन्ध मिलाउनु पर्ने । (ङ) विद्यार्थी संख्या धैरै रहेको र पर्याप्त कक्षाकोठाहरु नभएका विद्यालयहरुमा जोर बिजोर प्रणाली वा सिफ्टबाट विद्यालय सञ्चालन गर्नुपर्ने । (च) विद्यालयमा सामुहिक खेलकुद तथा अभ्यासका कार्यक्रमहरु तत्कालका लागि सञ्चालन नगर्ने । (छ) अनलाइनमार्फत् नियमित पठनपाठन गर्दै आएका विद्यार्थीहरुलाई अनलाइन पठनपाठनमा नै निरन्तरता दिँदै सबै किसिमको प्रविधिको पहुँचभन्दा बाहिर रहेका बालबालिकाहरुलाई प्रत्यक्ष भेटघाटमा आधारित सिकाइमा प्राथमिकता दिने ।

**(१७) अनुगमन हुनसक्ने:** (१) विद्यालयले पालना गर्नु पर्ने स्वास्थ्य मापदण्ड तथा आचारसंहिता, शुल्क कार्यान्वयन र पठपाठन विधि सम्बन्धमा नगर कार्यपालिकाको कार्यालय, शिक्षा युवा तथा खेलकुद शाखा, सम्बन्धित वडा कार्यालय र विद्यालय व्यवस्थापन समितिबाट अनुगमन हुन सक्नेछ ।

**(१८) कक्षा सञ्चालन रणनीति परिवर्तन गर्नसक्ने:** कोभिड-१९ सङ्क्रमण जोखिम नियन्त्रणका लागि स्मार्ट लकडाउन सम्बन्धी कार्यविधि, २०७८ तथा कोभिड महामारीको अवस्थामा हुन सक्ने निषेधाज्ञाको प्रकृति अनुरुप शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयसँग सम्बन्धित क्रियाकलापहरुको कार्यान्वयन सम्बन्धी कार्ययोजना बमोजिम विद्यालयले कक्षा सञ्चालन रणनीति परिवर्तन गर्न सक्नेछन् । सोको अग्रिम जानकारी विद्यालयले शिक्षा शाखालाई दिनुपर्नेछ ।

**(१९) विद्यालय बन्द हुन सक्ने:** (१) विद्यालयमा भौतिक कक्षा सञ्चालन भइरहको समयमा कोभिडबाट सङ्क्रमितहरुको सङ्ख्या बढेको पाइएमा स्थानीय प्रशासनको आदेश वा कोभिड-१९ विपद् व्यवस्थापन समितिको निर्णय बमोजिम कुनै पनि समयमा विद्यालय बन्द हुन सक्नेछ ।

**(२०) थप कार्यसूची बनाउन सक्ने:** यस कार्यविधिको कार्यान्वयन गर्ने क्रममा थप व्यवस्था गर्नुपरेमा दफा (१८) मा उल्लिखित नीतिहरुको विपरीत नहुने गरी विद्यालयले आफ्नो कार्यसूची तयार गर्न सक्नेछन् ।

**(२१) बाधा अडकाउ फुकाउने अधिकार:** यस कार्यविधिमा रहेको व्यवस्था कार्यान्वयन गर्न बाधा अडकाउ परेमा सोसम्बन्धमा अन्तिम निर्णय गर्ने अधिकार कोहलपुर नगरपालिका, नगर कार्यपालिकाको कार्यालयमा रहनेछ ।

**(२२) प्रचलित कानून बमोजिम हुने:** (१) यस कार्यविधि अन्तरगत बनेका बुँदाहरुमा उल्लेख भएको व्यवस्था सोही बमोजिम र नभएकाको हकमा प्रचलित कानुन बमोजिम हुनेछ । (२) यस कार्यविधिमा रहेको प्रावधानहरु प्रचलित संविधान, सङ्घीय, प्रदेश तथा स्थानीय कानूनसँग बाझिएको हदमा यस कार्यविधिका बुँदाहरु बाझिएको हदसम्म स्वत: निष्क्रिय हुनेछन् ।